

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २१ गते आइतबार ❑ 8 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अन्तरर्राष्ट्रिय दिगो पर्वतीय विकास तथा पर्यटन सम्मेलन

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

पर्यटकीय सहर पोखरामा दिगो पर्यटनका विषयमा गहन छलफलका लागि दोस्रो संस्करणको अन्तरर्राष्ट्रिय दिगो पर्वतीय विकास तथा पर्यटन सम्मेलन सुरु भएको छ।

गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरा सम्मेलनमा नेपालसहित भारत, चीन, संयुक्त राज्य अमेरिका, बेलायत, जापान, भियतनाम, स्पेन र पोल्यान्डका प्रतिष्ठित वैज्ञानिक र प्राज्ञिक विज्ञहरू सहभागी भएका पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार सम्मेलनमा एक सय बढीको सहभागी छन्। "शुक्रबार उद्घाटन गरिएको सम्मेलनको औपचारिक कार्यक्रम तथा छलफल आजदेखि सुरु भएको छ", उहाँले भननुभयो, "सम्मेलन यही असोज २१ गतेसम्म सञ्चालन हुने छ।" उक्त सम्मेलनमा ७० भन्दा बढी प्राविधिक विषयमा छलफल र मुख्य प्रस्तुति रहने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार काठमाडौँ विश्वविद्यालय र जापानको होक्काइडो विश्वविद्यालयको आयोजना तथा नेपाल पर्यटन बोर्डको आतिथ्यमा दोस्रो अन्तरराष्ट्रिय दिगो पर्वतीय विकास तथा पर्यटन सम्मेलन आयोजना गरिएको हो। सम्मेलनको पहिलो दिन भू-संरक्षण, भू-पार्क र भू-पर्यटन, पहाडी संरक्षित क्षेत्रमा दिगो मनोरञ्जन प्रयोगको प्रावधान सुनिश्चितता, पहाडी नदीहरूमा भौगोलिक विविधता र कनेक्टिभिटी लगायतका प्राविधिक विषयहरूमा छलफल भएको थियो । दिगो पर्यटन, जवलायु परिवर्तन र यसको असर तथा प्रभाव लगायतका विषयमा कार्यपत्र प्रस्तुत हुने श्रेष्ठले बताउनुभयो ।

विश्वव्यापी रूपमा भइरहेको जलवायु परिवर्तन र यसले हिमालय, पर्वतीय पर्यटन र समग्र वातावरणमा पारेको असरबार छलफल हुने उहाँको भनाइ थियो । गत वर्ष मङ्सिर १५, १६ र १७ गते काठमाडौँको चन्द्रागिरीमा प्रथम अन्तरराष्ट्रिय दिगो पर्वतीय विकास सम्मेलन आयोजना गरिएको थियो । सम्मेलनको उद्घाटन गर्दै गण्डकी प्रदेशका अर्थमन्त्री जीतबहादुर आले मगरले जलवायु परिवर्तन विश्वको साझा मुद्दा भएको उल्लेख गर्नुभयो। जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि विश्व समुदायको साझा चासो र चिन्ता आवश्यक भएकामा उहाँले जोड दिनुभयो। नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले सम्मेलनले दिगो पर्वतीय पर्यटनका चुनौती र उत्कृष्ट अभ्यासका बारेमा विश्वव्यापी रूपमा छलफल गर्ने तथा विचार आदानप्रदान गर्न उपयुक्त मञ्च प्रदान गर्ने बताउनुभयो।

गत वर्षको सम्मेलनमा पर्वतीय पर्यटन विकासका लागि हिमालको संरक्षण अपरिहार्य रहेको, संरक्षण गर्न नसके प्राकृतिक र मानव दुवै क्षेत्रमा गम्भीर परिणाम ल्याउने भन्दै सरोकारवालाहरूलाई गम्भीर बन्न सुझाव दिइएको थियो । पर्यटनका लागि हिमालको दिगो व्यवस्थापनका लागि सरोकारवाला सबैको चासो र एकीकृत प्रयास आवश्यक भएको निष्कर्ष सम्मेलनको थियो।

## मुस्ताङलाई पर्यटन र कृषिमा केन्द्रीत गर्छौं : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुस्ताङ जिल्लालाई पर्यटन र कृषिमा केन्द्रित गरेर योजना छनौट, बजेट बिनियोजनमा प्राथमिकता दिइएको बताएका छन् । 'गण्डकी प्रदेश समृद्धिको मुख्य क्षेत्र पर्यटन हो, यसमापनि जिल्लागत विविधता छ' उनले भने 'मुस्ताङलाई हामीले पर्यटन र कृषिमा केन्द्रित गरेका छौँ।'

मुक्तिनाथ मन्दिर, कागवेनी धार्मिक क्षेत्र, कोरोला नाका र उच्च हिमाली मैदानमा खेल अभ्यास गर्ने पर्यटकलाई लक्षित बजेट सहित कार्यक्रममा प्रदेश सरकारको प्राथमिकता रहेको उनले बताए । 'पर्यटन सँगै कृषिलाई पनि प्राथमिकता दिनुपर्छ, यहाँ उत्पादन हुने कयौँ थरिको स्याउ, आलु निकै प्रख्यात छ' उनले भने 'हरेक रेष्टुरेन्टका मेनुमा हुने मुस्ताङी आलु हामीले पुऱ्याउन सकेका छैनौँ, अब पुऱ्याउने गरि सामुहिक खेती गर्नुहोस्, प्रदेश सरकारले उत्पादनमा आधारित अनुदान दिनेछ।' गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डाक्टर कृष्णचन्द्र देवकोटाको अध्यक्षतामा भएको दोस्रो पञ्चवर्षिय योजना निर्माणको क्रममा मुस्ताङमा आयोजित सरोकारावालाहरुको अन्तक्रियामा मुख्यमन्त्री पाण्डेले यस्तो बताएका हुन् । उत्पादनमा आधारित अनुदानले किसानलाई व्यवशायीक हुन प्रेरित गर्नुका साथै बढ्दो बिदेशीने दर र बेरोजगारको समस्या कम हुने अपेक्षा प्रदेश सरकारको रहेको उनले बताए । पछिल्लो समय जलवायु परिवर्तनको प्रत्यक्ष



असर बढ्न थालेको बताउँदै उनले कागवेनीमा साउन २८ गतेको बाढी, उत्तरी भेगमा बढ्दो वर्षात, उत्पादनमा ह्रास यसैको प्रभाव रहेको बताए । 'जलवायु परिर्वतनको असर न्यूनिकरण गर्ने गरि हाम्रा योजना र कार्यक्रम बन्नुपर्छ' उनले भने।

शुसासन र संघीयतालाई गण्डकी सरकारले प्राथमिकतामा राखेको बताउँदै मुख्यमन्त्री पाण्डेले कतिपय कानुन नबन्दा प्रदेश सरकारले चाहेरपनि जनताको अपेक्षा पुरा गर्न नसकेको बताए । 'कर्मचारी समायोजन, जग्गा प्राप्ति ऐन र प्रहरी समायोजन भएन भने प्रदेश सरकारले जनअपेक्षा अनुसारका काम गर्न सक्दैन, प्रत्यक्ष सेवा प्रभावित हुन्छ' बारम्बार यो विषय उठाउँदै आएका उनले थपे 'संघीयताप्रतिको जनताको अपेक्षा पुरा गर्न सकिएन भने नकारात्मक धारणाको बिकास हुँदै जान्छ।' प्राकृतिक स्रोत साधनको अधिकतम प्रयोग गरेर प्रदेश आफैँ आत्मनिर्भर बन्ने योजनामा लाग्नुपर्ने उनले बताए। यसकालागि पनि कानुनी अड्चनहरु रहेको बताउँदै उनले भने 'आत्मनिर्भर र सम्मुन्त प्रदेश, सम्मानीत प्रदेशबासी' बनाउने गरि गण्डकी सरकार अघि बढेको बताए। मुस्ताङबाट सुरु भएको दोस्रो पञ्चर्षिय योजनाको छलफल हरेक जिल्लामा हुने बताउँदै मुख्यमन्त्री पाण्डेले भने 'बास्तविक धरातलमा रहेर हामीले कार्यन्वयन हुने योजना बनाउनुपर्छ, विज्ञको सुझाव मात्रैले कार्यन्वयन गर्न सक्ने योजना बन्दैन ।' भौगोलिक अवस्था, हावापानी, भुवनोट, स्थानीयको आवश्यकता पहिचान गरेर योजना निर्माण गर्ने सरकारले लक्ष्य अनुसार गण्डकी प्रदेश नीति तथा योजना आयोगले जिल्लागत छलफल संचालन गरेको उपाध्यक्ष डाक्टर कृष्णचन्द्र देवकोटाले बताए । छलफलमा प्रतिनिधि सभा, प्रदेश सभा, स्थानीय तह, जिल्ला सरकारी कार्यालय, सामाजिक संघ संस्थाका प्रमुखहरुको सहभागिता गराउने उनले बताए।

'पाँचवर्ष भित्र पुरा हुने र हाम्रो बजेटले धान्ने खालका योजना छनौट गर्न र सहज कार्यन्वयनकालागि योजना बनाउन अन्तरक्रिया गरिएको हो' नीति तथा योजना आयोगका उपाध्यक्ष डाक्टर देवकोटाले भने । मुस्ताङमा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रतिनिधि सभा सदस्यहरु योगेश गौचन, सरिता प्रसाई, गण्डकी प्रदेश सभा सदस्यहरु बिकल शेरचन, नाम्डु गुरुङ, बिमला गौचन लगायतको उपस्थिती थियो।

## गण्डकी प्रदेशसभाका विषयगत समितिले पाए सभापति

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

गत साउन ३० गते गठित गण्डकी प्रदेशसभाका विषयगत समितिले सभापतिको टुङ्गो लगाएका छन् । शनिबार चारवटै समितिको नेतृत्वमा एकल उम्मेदवारी परेपछि सभापति निर्विरोध निर्वाचित भएका हुन्।

प्रदेशसभा सचिवालयका अनुसार सार्वजनिक लेखा समितिको सभापतिमा प्रदेशसभा सदस्य सुधिरकुमार पौडेल, अर्थ तथा विकास समितिको सभापतिमा भोजराज अर्याल, सामाजिक विकास तथा कृषि समितिको सभापतिमा फणिन्द्र देवकोटा र प्रदेश मामिला तथा कानुन समितिको सभापतिमा चम्पादेवी खड्काको उम्मेदवारी परेको थियो । पौडेल प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) बाट सभापतिको उम्मेदवार बन्नुभएको थियो । अर्याल र खड्कालाई नेपाली कांग्रेसले उम्मेदवार बनाएको हो। नेकपा (माओवादी केन्द्र)ले देवकोटालाई सभापतिमा अघि सारेको थियो । नेपाल समाजवादी पार्टीका देवकोटा माओवादी केन्द्रको चुनाव चिह्नबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो।

प्रदेशसभा सचिवालयका कानुन अधिकृत कुमार रिजालले आइतबार बस्ने समितिको बैठकबाट सभापति निर्वाचनको प्रक्रियाले औपचारिकता पाउने बताउनुभयो । "दलहरूको सहमतिमा एकल मनोनयन परेपछि चारवटै समितिका सभापति निर्विरोध निर्वाचित हुनुभएको छ", उहाँले भन्नुभयो।

प्रदेशसभा चुनाव भएको सात महिनापछि 'मिनी ससंद्' मानिने विषयगत समिति गत साउन ३० मा गठन भएका थिए। दलहरूबीच समयमै सहमति नजुट्दा सभापति चयनमा पनि झण्डै दुई महिना लागेको हो।

## 'कांग्रेसले लोकतन्त्रको रक्षा गर्नुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले लोकतन्त्रको रक्षा कांग्रेसले गर्नुपर्ने बताउनुभएको छ।

कांग्रेस कास्की क्षेत्र नं ३, प्रदेश (२) को प्रथम प्रदेश सम्मेलनलाई आज सम्बोधन गर्दै उहाँले प्रजातन्त्र स्थापनाका लागि राणाकालदेखि सङ्घर्ष गर्दै आएको पार्टीले नै लोकतन्त्रको रक्षा गर्न सक्ने दाबी गर्नुभयो। लामो इतिहास बोकेको कांग्रेसलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दयालु मैयाको सहयोग सिद्धार्थ आधरभूत विद्यालयमा

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

शिक्षक त्यस्ता व्यक्ति हुन, जसले सिक्ने र सिकाउने प्रक्रियालाई मात्र मुल मन्त्र बनाएर जीवन अगाडि बढाएको देखिन्छ । शिक्षक भनेको महत्वपूर्ण, सम्माननित व्यक्ति हो। वर्तमान अवस्थामा चाहेर पनि जो कोही शिक्षक बन्न सक्तैनन् । शिक्षक त्यो व्यक्ति बन्न सक्छ जसमा रमाउने, बालबालिका जस्तै बनेर अगाडि बढ्न सक्छ । एउटा असल शिक्षक हुनलाई धेरै विषयमा आफूलाई परिवर्तन गर्न सक्नु पर्छ। पढाउँन सक्नु वा पढाइ राम्रो हुने व्यक्ति असल शिक्षक हुन्छ भन्ने हुँदैन । असल शिक्षकहरू ती हुन् जोसँग कक्षामा सबै विद्यार्थीहरूलाई सकारात्मक, गुणस्तरीय शिक्षण प्रदान गर्न सक्ने हुनु पर्दछ । विद्यालय परिसरमा मात्र नभै परिवार देखी समाजमा नुन र चिनी घुलमिल जस्तै




समाजमा घुलमिल हुन सक्नु पर्दछ। ४२ वर्ष शिक्षण पेसामा रही विद्यार्थी देखी समाजमा सवैको आँखाको नानी बन्न सफल छिन मैया सिग्देल । उनै मैया विस २०३७ माघ १५ गते नियुक्ती लिएर शिक्षा क्षेत्रमा होमिएकी थिइन्। ४२ वर्ष जति शिक्षा क्षेत्रमा मैयाले अहोरात्र खटिएर विस २०७९ भदौ १७ सम्म निवृत भइन् । आफ्नो बाबाले विहान वेलुका संस्कृत पढाएका देखेर हरेक दिन सुन्दै जाँदा आँफुलाई शिक्षण पेसामा तानेको भनिन् । १२ वर्षको उमेरदेखी अरुको दुःख देख्न नसक्ने मैयाले सवै शिक्षित भए समाज शिक्षित हुने मुल मन्त्र लिएर आजसम्म हिडेकी छिन् । हिड्दा हिंड्दै पोखरा महानगरपालिका वडा नं १३ सिद्धार्थ टोल स्थित सिद्धार्थ आधारभूत विद्यालयमा पाइला टेक्न पुगिन मैया । पाइला के टेकेर हिडेकी थिइन कक्षा कोठा माथि हेर्दा तारा मण्डल प्वालमा आँखा पुगे मैयाको।

सानै उमेरदेखि अरुको दुःख देख्न नस्कने मैयाले दुइ बण्डल तीन पाता टिन दिएर विद्यार्थीलाई पानीको भिजाइवाट सुरक्षित पारिन्। एक हप्ता पहिला रोटरी क्लव अफ पोखरा लेकसाइडले सोही विद्यालयमा दुई वण्डल टिन वितरण गरेको थियो। रोटरी क्लव अफ पोखरा लेकसाइडकी फस लेडी सम्झना सिग्देलले मैया अण्टीले गरेको सहयोगले समाजमा सकारात्मक सन्देश जाने वताइन् । सहयोगी मनले भकारी सरी भरिएकी मैयाले पोखरा महानगरपालिका वडा ३ स्थित ज्ञानभूमि माविमा जेहन्दार विद्यार्थीहरुलाई छात्रवृति स्वरुप ५५ हजार पाँचसय ५५ वितरण गरिन्। टिन वितरण कार्यक्रममा सिद्धार्थ आधारभूत विद्यालयका प्रधानाध्यापक अम्बिका वराल, रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक किरणमणी अधिकारीले संचालन गरेका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खुल्ला सेभेन ए साइड जारी, पहिलो चरणका खेल सकिए

पोखरापत्र संवाददाता
पोखरा, २० असोज



पोखरा महानगरपालिका १३ माछापोखरी खेल मैदानमा जारी प्रथम खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगितामा पहिलो चरणका खेलहरु सम्पन्न भएका छन् । एट टु नाइन गाइजको आयोजनामा जारी प्रतियोगिता अन्तरगत शनिबार पहिलो चरणका खेल सकिएसंगै दोस्रो चरणका खेलहरु समेत सुरु भएका छन् ।

शनिबार भएको पहिलो खेलमा गन्नी फुटबल क्लबले आयोजक एट टु नाइनलाई २-० गोलअन्तरले हराउँदै दोस्रो चरणमा प्रवेश गरेको छ । दोस्रो खेलमा नदीपुर एफसीले पसगाउँ समाजलाई ३-२ गोलअन्तरले हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ । तेस्रो खेलमा रामघाट गुम्बाले म्याग्दी फुटबल क्लबलाई २-० ले पाखा लगायो । चौथो खेलमा भुजुङले नेभरमिटलाई २-० ले हरायो । पाँचौ खेलमा विवाईसी ३३ ले लोटसलाई ३-० ले हराउन सफल भयो । छैटौं खेलमा भ्रदकालीले जेम्स फुटबल क्लबमाथि ४-० को फराकिलो जित हासिल गऱ्यो । सातौं खेलमा कमलपोखरीले रामघाट गुम्बा बी लाई टाइब्रेकरमा २-१ गोलले हरायो । निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको हो । शनिबारको अन्तिम खेलमा गेमशालाले रामघाट गुम्बा ए लाई २-० गोलअन्तरले हरायो । भोलिबाट प्रिक्वाटरफाइनलका खेल सुरु हुनेछन् । प्रतियोगिता खेलाडीलाई आर्थिक सहयोग गर्नका लागि गरिएको हो । रग्बी खेलाडी यशोदा बोहोरालाई अर्थिक सहयोग गर्नका लागि प्रतियोगिताको आयोजना गर्ा रएको प्रतियोगिता संयोजक लोक गुरुङले जानकारी दिए । यशोदा नेपालमा भएको यु-२० एसिया रग्बी सेभेन्सको तयारीको प्रशिक्षणका दौरान घाइते भएकी थिइन् । यशोदा यु-१५ साफ महिला फुटबल च्याम्पियनसिपमा नेपालले स्वर्ण जितेको टोलीकी सदस्य पनि हुन् । प्रतियोगिताबाट बचत भएको रकम यशोदालाई प्रदान गरिने गुरुङले बताए । असोज १७ गतेदेखी सुरु भएको प्रतियोगिता २३ गते सम्पन्न हुनेछ । असोज १७ गते वर्षाको कारण खेल हुन नसकेपछि १८ गतेबाट सुरु भएको प्रतियोगिता व्यवस्थापक धनराज तामाङले जानकारी दिए । विजेताले नगद एक लाख रुपैयाँसंगै शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्ने उनले जानकारी दिए । प्रतियोगिताको उपविजेताले ६० हजार रुपैयाँसंगै शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा कुल ३९ टिमको सहभागिता रहेको थियो ।



मन खुशी फाउण्डेशनमा हस्तकला : मन खुशी फाउण्डेशन गण्डकी प्रदेश र कास्कीको आयोजनामा पाँच दिने हस्तकला तालिम शनिवारदेखि कमलपोखरी बहुउद्देश्यीय भवनमा सुरु भयो । पोखरा महानगरपालिका वडा नं १३ विजयपुर डिही घर भइ हाल अमेरिका न्यू हेम्सार निवासी कर्णेल नरबहादुर गुरुङ तथा श्रीमती प्रेमा गुरुङको अर्थिक सहयोगमा तालिम संचालन भएको हो । तालिममा प्रशिक्षकद्धय दुर्गा गुरुङ र आसकुमारी गुरुङले सहजीकरण गरेका छन् । मन खुशी फाउण्डेशन गण्डकी प्रदेशका अध्यक्ष काशी गुरुङ र कास्कीका अध्यक्ष कृष्णकुमारी गुरुङले आफ्नो वडामा दिनभरी घरमा बसेका दिदीवहिनीहरुलाई तालिमले आय आर्जनमा केही सहयोग पुगोस भनेर तालिम संचालन गरिएको भने । फोटो-पोखरापत्र

# पोखरामा कत्थक नृत्य प्रस्तुत

पोखरापत्र संवाददाता
पोखरा, २० असोज



नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, स्वामी विवेकानन्द साँस्कृतिक केन्द्र,काठमाडौं र गण्डकी प्रज्ञा-प्रतिष्ठान पोखराको संयुक्त आयोजनामा पोखरामा कत्थक नृत्य प्रस्तुती गरिएको छ ।

कार्यक्रमको मुख्य आर्कषणको रुपमा भारतकी स्थापित कत्थक नृत्य कलाकार तथा प्रशिक्षक रञ्जना फड्के रहेकी थिइन् । ३० वर्ष भन्दा बढी समयदेखि कत्थक नृत्यको क्षेत्रमा सक्रिय फड्केलाई नृत्य प्रस्तुत गर्न विगत १० वर्षदेखि कत्थक नृत्यमा सक्रिय बनिरहेका रसिला गांगल र सुरवीले साथ दिएका थिए । गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जित प्रकाश आले मगरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्वामी विवेकानन्द साँस्कृतिक केन्द्र, काठमाडौंकी निर्देशक आशावरी बापट, नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको कुलपति निशा शर्माले कत्थक नृत्य तथा यो कार्यक्रम आयोजना गर्नुको कारण बारेमा समेत उपस्थित दर्शकलाई जानकारी गराए । यस अगाडि काठमाडौं र विराटनगरमा समेत यो कार्यक्रम भएको थियो । गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको अध्यक्षतामा प्रतिष्ठानको भानु हलमा आयोजना भएको कार्यक्रममा उपकुलपति गोरे गुरुङले स्वागत र सदस्य सचिव मनकुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए गण्डकी प्रज्ञा-प्रतिष्ठानले यस्ता कार्यक्रमलाई निरन्तर आयोजना गर्ने जनाएको छ ।

# एसियाली खेलकुदमा नेपाललाई करातेमा ऐतिहासिक रजत पदक

पोखरापत्र संवाददाता
पोखरा, २० असोज

चीनको हाङ्झाउमा जारी १९औँ एसियाली खेलकुदअन्तर्गत नेपाललाई कराते खेलमा ऐतिहासिक रजत पदक प्राप्त भएको छ । केहीबेर अघि सम्पन्न फाइनल खेलमा नेपालकी कराते खेलाडी एरिका गुरुङ पराजित भएसँगै नेपालले रजत पदकमा चित्त बुझाउनु परेको हो ।

महिला ६८ किलो तौल समूहमा १९ वर्षीया गुरुङ फाइनलमा काजकिस्तानकी सोफ्या बेरुल्तसेभासित ३-० अङ्कले पराजित भएकी हुन् । नेपाललाई करातेमा एसियाली खेलकुदमा रजत पदक दिलाउने उनी पहिलो नेपाली खेलाडी बनेकी छिन् । यसअघि सम्पन्न सेमिफाइनलमा गुरुङले हङकङकी यान काई होलाई पराजित गरेकी थिइन् । गुरुङले यान काई होलाई ८-४ अङ्कले हराउँदै फाइनल यात्रा तय गरेकी थिइन् । शनिबार भएको क्वाटरफाइनल खेलमा गुरुङले जापानकी खेलाडी युजुकी सावाएलाई पराजित गरेकी थिइन् । दुवैबीचको खेल १-१ अङ्कको बराबरीमा सकिए पनि गुरुङ सेन्शु (पहिलो अङ्क जोडेको) आधारमा विजयी भएकी थिइन् । योसँगै नेपालले जारी १९औँ एसियाली खेलकुदमा दोस्रो पदक प्राप्त गरेको छ । यसअघि नेपालले महिला कबड्डीमा कास्य पदक जितेको थियो ।

# अन्तर क्लव टी-२० क्रिकेट प्रतियोगितामा साँग्रिलाको विजयी शुरुवात

पोखरापत्र संवाददाता
पोखरा, २० असोज



पोखरा महानगर खेलकुद विकास समितिको आयोजना पोखरामा शनिबारदेखि पोखरा महानगर स्तरिय अन्तर क्लव टी-२० क्रिकेट प्रतियोगिता शुरु भएको छ ।

पोखरा महानगर क्रिकेट संघको व्यवस्थापनमा शुरु प्रतियोगिताको पहिलो दिन साँग्रिला क्रिकेट क्लवले लेकसाइड क्रिकेट क्वलमाथि १ सय ६१ रनको फराकिलो जित निकाल्यो । सिब्रिन श्रेष्ठको धुवाँदार ब्याटिङमा साँग्रिलाले २० ओभरमा ३ विकेट गुमाएर २ सय २० रनको योगफल तयार पारेका थियो । शतकिय पारी खेलेका सिब्रिनले ५० बलमा १ सय ३ रन बनाए । बिपिन खत्रीले ११ बलमा ३० तथा रिकेश गुप्ताले २३ रन जोडे । लेकसाइडका बलरहरु नविन विश्वकर्मा, आविद आलम र रवि गुरुङ्गले १/१ विकेट लिए ।

जितका लागि २ सय २१ रनको विशाल लक्ष्य पछ्याएको लेकसाइडले १६ ओभरमा सम्पूर्ण विकेट गुमाएर ५९ रन मात्रै बनाउन सक्यो । लेकसाइडका सन्देश ठकुरीले १८ तथा सन्दिप तिमिल्सीना र आविद आलमले ८/८ रन जोडे । साँग्रिलाका विपिन खत्रीले ३ तथा सुदिप पौडेल र सिब्रिन श्रेष्ठले २/२ विकेट लिए । खेलमा चौतर्फि प्रदर्शन गरेका साँग्रिलाका सिब्रिन श्रेष्ठ म्यान अफ द म्याच भए । उनले रत्नश्री जिम, इन्द्रमार्गको तर्फबाट एक महिनाको निःशुल्क कुपन प्राप्त गरे । प्रादेशिक क्रिकेट संघ गण्डकीका सदस्य ऋषिराम गौतमले उनलाई पुरस्कार प्रदान गरेका थिए । यसअघि शनिबारनै हुने भनिएको आरके भिक्टोरियन र आदर्श युवा क्लव लेखनाथ विचको पहिलो खेल वर्षातका कारण 'रिजर्ब डे'का लागि सारिएको प्रतियोगिता संयोजक जिम्मी गुरुङ्गले जानकारी दिए ।

राइजिङ क्रिकेट क्लव, साँग्रिला क्रिकेट क्लव, पोखरा क्रिकेट क्लव, अरण्यज्योती क्रिकेट क्लव, कास्की क्रिकेट क्लव, आर के भिक्टोरी क्रिकेट क्लव, आदर्श युवा क्लव र लेकसाइड क्रिकेट क्लव गरि ८ टिमको सहभागितामा शुरु प्रतियोगिको आयोजक समितिका अध्यक्ष दीपक बहादुर गोदारले अम्पायर अर्जुन उपाध्यायलाई बल हस्तान्तरण गरि उद्घाटन गरेका थिए । उद्घाटन समारोहमा पोखरा महानगर क्रिकेट संघका अध्यक्ष विरेन्द्र पुन, उपाध्यक्ष गोविन्द प्रधान लगायतले बोलेका थिए ।

# देवघाटधामको विकासमा सरकारले सहयोग गर्छ : अर्थमन्त्री डा महत

रासस
दमौली, २० असोज

अर्थमन्त्री डा प्रकाशशरण महतले तनहुँको पवित्र धार्मिकस्थल देवघाटधामको विकासमा सरकारले सहयोग गर्ने बताउनुभएको छ ।

तनहुँको देवघाट गाउँपालिका-५ स्थित गलेश्वर आश्रममा शनिबार आयोजित कार्यक्रममा अर्थमन्त्री महतले देवघाट धार्मिक तीर्थस्थल भएकाले यहाँ पूर्वाधार निर्माणमा सरकारको सहयोग बताउनुभयो । सो अवसरमा अर्थमन्त्री महतले गलेश्वर आश्रम नजिक गएको पहिरोको अवलोकन गर्नुभएको थियो । पहिरो नियन्त्रणका लागि सरकारले बजेट सहयोग गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाटको विकास निर्माण, शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतका क्षेत्रमा आवश्यक बजेट विनियोजन गरिदिन मन्त्री महतसमक्ष आग्रह गर्नुभयो । देवघाट विश्वभरका हिन्दू धर्मावलम्बीको गन्तव्यस्थल बन्दै गइरहेकाले यसलाई धार्मिक पर्यटनको केन्द्रको रुपमा घोषणा गर्न थापाले महतको ध्यानाकर्षण गराउनुभयो ।

# कांग्रेसले ...

बिग्रन दिन नहुने बताउँदै प्रदेश सभापति शर्माले पार्टीभित्रबाटै निष्ठावान र इमान्दार नेता खोज्दै भ्रष्ट र माफियालाई पाखा लगाउनुपर्नेमा जोड दिनुभयो ।


"कांग्रेसको विरासतलाई गिर्न नदिन नेता तथा कार्यकर्ता सच्चिन जरुरी छ", उहाँले भन्नुभयो, एकअर्कालाई दोषारोपण गर्नुभन्दा आफैँबाट सच्चिन आवश्यक छ ।" नेपाली कांग्रेसका केन्द्रीय सदस्य शारदा पौडेलले लोकतन्त्रको रक्षाका लागि ठूलाठूला समस्याको समाधान कांग्रेसले मात्र गर्न सक्ने बताउनुभयो । कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले कांग्रेसका कार्यकर्ता राजनीतिमा मात्र भन्दा पनि उद्यमशीलतामा जोडिँदै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# भुकम्प पीडितको अवस्थामा सुधार

बझाङमा मंगलवार दिउँसो चैनपुर नजिक केन्द्रविन्दु भएको ६.३ म्याग्निच्युडको भूकम्प गयो । अहिलेसम्म केही घाइते भएको र एक जनाको मृत्यु भएको समाचार सार्वजनिक भएको छ । विद्यालयलगायत सयभन्दा धेरै घर भत्केका छन् भने पीडितहरूलाई आकस्मिक सहायता स्वरूप पाल उपलब्ध गराइएको जानकारी स्थानीय प्रशासनले दिएको छ । भुकम्प पीडितहरू बाहिर बस्नुपरेको र सरकारले राहतमा तत्परता नदेखाएको आरोप स्थानीयको छासरकारको मुख नताकी एमालेको युवा संघ र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले राहत सामाग्री वितरण गरेका छन।सुदूरपश्चिमका सांसदहरूले प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डलाई भेटेर राहत पुऱ्याउन माग गरेका छन ।

भौगोलिक अवस्था र मौसमसमेतका कारण भूकम्पबाट भएको क्षतिको सबै विवरण आइनसक्नु स्वाभाविकै हो । तर, सरकार पनि विवरण र निवेदन पर्खेर बस्नु भने हुँदैन । अझ प्रधानमन्त्रीको निर्देशन दिनुपर्ने जस्तो गरि कुर्ने परिपाटी हटाउनुपर्छ । स्थानीय प्रमुख जिल्ला अधिकारीले 'पाल बाँडिएको तर अरू सहयोगका लागि निवेदन नआएका' जस्ता कथनबाट राज्यको संवेदनहीन चरित्र र अभ्यास उजागर भएको छ ।

नेपालको राज्य संयन्त्र सङ्कटका बेलामा पनि पूर्वक्रियाशील हुँदैन।स्थायी सरकार भनेको निजामती कर्मचारी हो। मानवीय सहायता उपलब्ध गराउन पनि सरकारी निकायले निवेदन वा आदेश खोज्नु अमानवीय हुन्छ । आपतका बेला कसरी चल्नुपर्छ भन्ने सिकाइने विषय होइन ।आफ्नो विवेक र मानवीय आधारमा हेर्नुपर्छ । यसैले भूकम्पपीडितको खोजी, उद्धार र आकस्मिक मानवीय सहायताका लागि सम्बन्धित निकायका पदाधिकारीले आदेश वा निवेदन पर्खनु उचित होइन । प्रशासनिक प्रक्रियाभन्दा मानव जीवनलाई महत्त्व दिनुपर्छ ।

त्यसै पनि सुदूरपश्चिम, कर्णाली र मधेसमा राज्यले वास्ता गर्दैन भन्ने परेको देखिन्छ । त्यसमाथि विपत्तिका बेलामा आकस्मिक सहायताका लागिसमेत उदासीनता देखियो भने तिनको चित्त थप दुख्नेछ । यसैले स्वच्छ खानेपानी, आवश्यक उपचार, खानेबस्ने व्यवस्था, बालबालिकाको पठनपाठनमा पीडितले अभावको अनुभव गर्नु नपर्ने सुनिश्चित गरियोस् । यति प्रबन्ध मिलाउन पनि कसैको आदेश वा निवेदन पर्खेर अलमलिने गर्नु हुँदैन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# उद्देश्यमा नचल्दा सहकारी समस्यामा : कृषि मन्त्री जिसी

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

कृषि तथा भूमि व्यवस्था मन्त्री महेन्द्रध्वज जिसीले उद्देश्य अनुरुप सञ्चालक समितिले सहकारी नहाँक्दा लाखौ उपभोक्ता ठगिएको बताएका छन् । मन्त्री जिसीले ब्याजको लोभ गर्दा सहकारी संस्थाहरु धारासायी बनेको समेत बताए । सुख र दुःखमा साथ दिनु पर्ने सहकारीले रातारात धनी हुने र धान्नै नसक्ने करोडौंको कारोबार गर्दा सहकारीबाट देशभर आम मानिसहरु पीडित बनेको बताए ।




कर्मचारी बचत तथा ऋण सहकारी संस्था पोखराको १६ औं वार्षिक साधारण सभा उद्घाटन गर्दै कांग्रेस नेता एवं मन्त्री जिसीले खुल्ला वैठक र प्रजातन्त्रका आस्था राख्ने कर्मचारी मात्र सेयर सदस्य भएको सहकारी नमूना बन्नु पर्नेमा जोड दिए । सदस्य वृद्धि गरेर, पारदर्शी र जिम्मेवार बनेर, इमान्दारिताको पाठ सवैलाई सिकाएर कर्मचारी सहकारी सक्षम हुनेमा आफू विश्वस्त भएको बताए । सहकारीले सवैलाई पाठ सिकाउने र नीति, व्यवहार यस्तो हुनु पर्ने भन्दै नमुना सहकारी बनाउन मन्त्री जिसीले सुझाव दिए । सहकारीका अध्यक्ष महेशकुमार सिग्देलको अध्यक्षतामा भएको सभामा कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव सहदेव प्रसाद हुमागाँईले राम्रो गर्ने सहकारी मन्त्रालयको लिस्टमा परेको बताउँदै ऐन, नियम र विनियमलाई पूर्ण कार्यान्वयन गरे गण्डकी प्रदेशमा समस्या नआउने उल्लेख गरे । कार्यक्रममा कृषि विकास निर्देशनालयका महानिर्देशक वासुदेव रेग्मी, नेपाली कांग्रेस गण्डकी प्रदेश कर्मचारी प्रशासन विभागका सचिव सुरेन्द्रप्रसाद अधिकारी, नेपाल निजामति कर्मचारी युनियन केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश संयोजक दिपक रेग्मी, संघका केन्द्रीय सदस्य बद्री पौडेल, सहकारीका सचिव एवं नेपाल निजामति कर्मचारी युनियन कास्कीका अध्यक्ष सुरेशकुमार श्रेष्ठले कर्मचारी सहकारी हरेक कोणबाट उत्तम रहेको बताएका थिए । सहकारीका सल्लाहकार संयोजक रामजीप्रसाद कोइराला, सहकारीका उपाध्यक्ष बद्री पौडेल, सहकारीका सञ्चालक सदस्य तथा कार्यक्रम सञ्चालक केदार सापकोटा, लेखा सुपरीवेक्षण समितिका संयोजक हेरम्ब शर्मा पौडेल लगायतले सहकारीको नीति, योजना तथा भावि कार्यक्रम बारे उल्लेख गरेका थिए । कर्मचारी बचत तथा ऋण सहकारीले विभिन्न विधामा पुरस्कार प्रदान गरेको छ । सहकारीमा कार्यरत कर्मचारी मध्ये साधना ढुंगाना पुरस्कृत भएकी थिइन् । सहकारीले जेष्ठ नागरिक तर्फ शंकरप्रसाद कोइराला, सदस्य अभियान्तामा केदार धमला र अन्जना पोखरेल, सेयर सदस्य तर्फ टिकाराम बराल, शारदा सिग्देल, रचना गुरुङ, राजेन्द्रप्रसाद पौडेललाई मायाको चिनो र प्रमाणपत्रले सम्मान गरिएको सहकारीका कार्यालय प्रमुख निरोज मल्लले जानकारी दिए । वार्षिकोत्सवको अवसरमा उत्कृष्ठ कारोबार गर्ने शिव परियार र सुस्मिता कार्कीलाई, बचत कर्ताको तर्फबाट विष्णु गुरुङ र होमनाथ भण्डारीलाई सम्मान गरिएको सहकारीका व्यवस्थापक शारदा गिरीले जानकारी दिइन् । यस्तै बाल बचतमा वत्सल पौडेलले पुरस्कार प्राप्त गरेका थिए भने शैक्षिक पुरस्कारमा संकल्प सिग्देल, अधिश ढकाल, मनाकामना गौतम,चन्द्रकाला बस्नेत, आशा कोइराला, आशिष सिग्देल, इजिता जोशी पुरस्कृत भएका थिए । ६ सय ९४ जना सेयर सदस्य रहेको कर्मचारी बचत तथा ऋण सहकारीमा २ करो ५६ लाख ५० हजार सेयर पुजी, ५ करोड ६१ लख ५१ हजार बचत, ७ करोड, ४७ लाख ७० हजार ऋण लगानी रहेको सहकारीले जनाएको छ । नेपाल निजामति कर्मचारी युनियन तथा सार्वजनिक सेवा कर्मचारी संघसंग आवद्ध कर्मचारीहरु सेयर सदस्य रहेको सहकारीले सामाजिक उत्तरदायित्वको विभिन्न कार्य गर्दै आएको छ ।

# 'कुरैकुराको खेती' लोकार्पित

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

लेखक शिव सस्मितको हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह 'कुरैकुराको खेती' लोकार्पण गरिएको छ । विश्व नेपाली साहित्य महासङ्घ, गण्डकी प्रदेश समितिद्वारा आयोजित 'भर्चुअल' कार्यक्रममा लेखक स्वयंले कृतिको लोकार्पण गर्नुभयो ।

भुँडीपुराण प्रकाशनले पाठकमाझ ल्याएको उक्त कृतिमा १३ वटा निबन्ध सङ्ग्रहित छन् । समीक्षक रामप्रसाद सुवेदीले लेखक सस्मितबाट नेपाली हास्यव्यङ्ग्य साहित्यले गहकिलो पुस्तक पाएको धारणा राख्नुभयो । "हास्य गुणले ओतप्रोत छोटा र चोटिला निबन्ध यस पुस्तकमा छन्, पढ्दा कुनै पट्यार लाग्दैन", उहाँले भन्नुभयो, "नेपाली समाजका विकृति र विसङ्गतिप्रति सजीव ढङ्गले कटाक्ष गरिएको छ । निबन्धमा प्रयुक्त भाषा र शैली पनि मौलिक छ ।" आत्मपरक शैलीमा लेखिएको उक्त निबन्ध सङ्ग्रह उतारता, तार्किकता, सङ्क्षिप्तता जस्ता गुणले युक्त रहेको समीक्षक सुवेदीले बताउनुभयो । "काव्यात्मक शैलीले निबन्धलाई पठनीय बनाएको छ, कतै वर्णनात्मक त कतै व्याख्यात्मक शैलीलाई पनि लेखकले पछ्याएको पाइन्छ", उहाँले भन्नुभयो ।

प्रा डा षडानन्द पौडेलले हास्यव्यङ्ग्य साहित्य लेखनका क्षेत्रमा धवलागिरि क्षेत्र पछाडि परिरहेका बेला म्याग्दीका लेखक सस्मितको स्तरीय निबन्ध कृति पाठकमाझ आएको बताउनुभयो । उहाँले पुस्तकले हास्यव्यङ्ग्यकामार्फत समाजका विविध विषय र पात्रका प्रवृत्तिलाई उछिनेको बताउनुभयो। कृतिमा 'लाइन', 'बेर', 'झोला सम्मेलन', 'कुरैकुराको खेती'लगायत शीर्षकमा निबन्ध सङ्ग्रहित रहेको लेखक सस्मितले जानकारी दिनुभयो । समाजमा देखेभोगेका विषय र बेथितिलाई लेखनका माध्यमबाट उजागरको प्रयास गरेको उहाँको भनाइ थियो । म्याग्दीको बेनी नगरपालिका-६ मा जन्मनुभएका उहाँको यसअघि 'डायरीमा टाउकेहरू' हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह प्रकाशित भइसकेको छ । लेखक सस्मितको उपन्यास कृति 'धुमिल आकाश'सहित, कविता र गजल सङ्ग्रह पनि प्रकाशित छन् ।

# नेपालबाट मनसुन बाहिरियो

**रासस**
काठमाडौं, २० असोज

नेपालको सुदूरपश्चिम तथा कर्णाली प्रदेशको पश्चिम भू-भाग भएर यस वर्षको मनसुन बाहिरिएको छ । बाँकी भू-भागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाले शुक्रबार राति विशेष मौसम बुलेटिन निकालेर नेपालबाट मनसुन बहिर्गमन सुरु भएको जनाएको हो ।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाका अनुसार नेपालबाट मनसुन पूर्ण रूपमा बाहिरिन अझै केही दिन लाग्नेछ । "देशको पश्चिम भेग भएर शुक्रबारबाट मनसुन बाहिरिन सुरु भएको छ । बाँकी भेगमा मनसुन कायमै रहेकाले आगामी तीन दिन हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ", उहाँले झाले भन्नुभयो ।

नेपालमा मनसुन बहिर्गमनको औसत मिति अक्टोबर २ तारिख भए पनि यस वर्षको मनसुन औसत मितिभन्दा केही दिन ढिलो बाहिरिएको झाले बताउनुभयो । उहाँका अनुसार बङ्गालको खाडीको उत्तर-पश्चिम भागमा विकास भएको न्यूनचापीय क्षेत्रको प्रभावले मनसुन बहिर्गमनमा ढिलाई भएको थियो । नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो । यस वर्ष सरदर मितिभन्दा एक दिन ढिलो अर्थात् जुन १४ तारिख (जेठ ३१ गते) मनसुन भित्रिएको थियो । नेपालको पूर्वी तथा मध्य भू-भागमा हाल बङ्गलादेश र आसपास रहेको न्यूनचापीय क्षेत्रको प्रभावले बदली र वर्षा गराएको महाशाखाले उल्लेख गरेको छ । आइतबार कोशी, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू-भागका थोरै स्थानहरूमा मेघ गर्जन/चट्याङसहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

# शुभकामना महिला बिकास केन्द्र १९ औ वर्षमा

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

महिलाहरुको क्षमता नेतृत्व सहित सामाजिक कार्य लागी स्थापीत शुभकामना महिला बिकास केन्द्र को १९ औ बार्षिक साधारण सभा सम्पन्न भएको छ ।



सो साधारण सभाको शुभारम्भ गदै केन्द्र का पुर्व अध्यक्ष एवं जाल्पा देबी महिला उद्धार समुहमा अध्यक्ष राधिका थापा ले महिलाहरुको सामाजिक सकृयाताले समाजमा महत्वपुण भुमिका रहेको बताइन । केन्द्रले समाजमा पछि परेका महिलाहरुलाई नेतुत्वमा पुरायाएकाले अब को समय नेतृत्व र क्षमता विकासमा लाग्नु पर्ने बताईन । कार्यक्रममा सिर्दाथ क्लवका अध्यक्ष इन्दिरा मसार्नी, संस्थापक अध्यक्ष तिर्थ श्रेष्ठ, सल्लाहकार कृष्ण थापा, गणेश छवि लगायतले केन्द्र को भुमिका सकारात्मक रहेकाले शिक्षा विकास मा लाग्नु पर्ने बताए । केन्द्रका अध्यक्ष ज्ञानु श्रेष्ठ को सभापतित्वमा भएको कार्यक्रममा पुर्व अध्यक्ष भवनी माकाजु, उपाध्यक्ष लक्ष्मी गुरुङ्ग, सचिव साबित्री श्रेष्ठ, कोषाध्यक्ष पुष्पा श्रेष्ठ लगायतले संस्थाको विविध बिषयमा आ आफ्नो भनाई राखेका थिए ।

कार्यक्रम केन्द्रका विविध विषयमा उत्तीण भएका विधार्थी तथा सहयोग हरु लाई सम्मान गरीएको छ ।

# अर्थमन्त्री डा महतद्वारा गलेश्वर आश्रमको पहिरो निरीक्षण

**पोखरापत्र संवाददाता**
दमौली, २० असोज

अर्थमन्त्री डा प्रकाशशरण महतले पहिरोको जोखिममा परेको तनहुँको देवघाट गाउँपालिका-५ स्थित गलेश्वर आश्रमको निरीक्षण गर्नुभएको छ । शनिबार देवघाट आइपुग्नुभएका अर्थमन्त्री डा महतले पहिरोको जोखिममा परेको उक्त आश्रमको निरीक्षण गर्नुभएको हो ।

निरीक्षणका क्रममा अर्थमन्त्री महतले आश्रमका बारेमा जानकारी लिँदै पहिरो नियन्त्रणका लागि भइरहेको कामका बारेमा चासो राख्नुभएको थियो । निरीक्षणपश्चात् अर्थमन्त्री महतले पहिरो नियन्त्रणका लागि सङ्घीय सरकारकोतर्फबाट बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

गत वर्ष असोजमा वेणी नजिक रहेको गलेश्वर आश्रम नजिकै पहिरो खसेपछि आश्रम जोखिममा परेको थियो । पहिरो नियन्त्रणका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँले बोलपत्र (टेन्डर) प्रक्रिया सुरु गरेको जनाएको छ ।

बोलपत्रका लागि कार्यालयका तर्फबाट शुक्रबार स्थलगत अवलोकन भएको देवघाट गाउँपालिका-५ का वडाध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता पूर्णबहादुर कुँवरले जानकारी दिनुभयो । उहाँका अनुसार गण्डकी प्रदेश सरकारको सहयोगमा रू दुई करोड बराबरको टेन्डर आह्वान गर्ने तयारी भएको छ । "त्यति रकमले पुग्दैन भनेर हामीले अर्थमन्त्रीको ध्यानाकर्षण गराएका छौँ",कुँवरले भन्नुभयो, "उहाँका तर्फबाट सङ्घीय सरकारले पनि सहयोग गर्ने प्रतिबद्धता आएको छ ।" उहाँका अनुसार २०७२ को भूकम्पपछि थिलोथिलो बनेको यो ठाउँमा गत वर्षको पहिरो खसेको थियो । सम्बन्धित निकायले बेलैमा चासो नदिँदा गलेश्वर आश्रम नै जोखिममा परेको गुनासो छ ।

# 'कैद मिनाहा दिने कानुनी व्यवस्था गलत'

**रासस**
काठमाडौं, २० असोज

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अदालतबाट दोषी ठहर भएकाहरूलाई सत्ताको आडमा कैद मिनाहा दिने कानुनी व्यवस्था गलत भएको बताउनुभएको छ ।

कांग्रेस झापाको जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै महामन्त्री शर्माले कानुनी शासन भएको लोकतान्त्रिक मुलुकमा सत्ताको दुरुपयोग गरेर कैद मिनाहा गर्ने प्रचलन बढ्दै जाँदा जनतामा असन्तुष्टि बढेको बताउनुभयो । "सोझै नेताहरूले राष्ट्रपति प्रयोग गरेर कैदमा आममाफी दिनु गलत हो", महामन्त्री शर्माले भन्नुभयो, "माफी नै दिनुपर्दा पीडित परिवारको सहमतिमा मात्र दिइने कानुनी व्यवस्था हुनुपर्छ ।" उहाँले पीडित परिवारको सहमतिबेगर कुनै पनि आममाफी दिन नहुने बताउनुभो । साउदी अरबजस्ता मुलुकमा मृत्युदण्ड घोषणा भइसकेका अभियुक्तलाई समेत आममाफी दिने चलन रहेको चर्चा गर्दै महामन्त्री शर्माले भन्नुभयो, "त्यहाँ मृत्युदण्डको फैसला भइसकेका व्यक्तिलाई पनि 'ब्लड मनी' का आधारमा सजायबाट माफी दिने चलन नभएको होइन । तर, त्यो 'ब्लड मनी' स्वीकार गर्ने कि नगर्ने भन्ने कुरा राजकीय सत्ताले होइन, पीडित परिवारले निर्णय गर्छ ।"भ्रष्टाचारविरुद्धको फाइल खोलेर गठबन्धन सरकारले राम्रो कार्य गरेको बताउँदै महामन्त्री शर्माले सरकारले राम्रो काम गर्दा समर्थन र नराम्रो काम गरे विरोध जनाउने नीति लिएको स्पष्ट पार्नुभयो । उहाँले शिक्षा विधेयकमा सरकारले कमजोरी गरेको हुँदा अब नेपाल शिक्षक महासङ्घसँग भएको सहमतिको हुबहु पालना गर्दै संशोधनसहित विधेयक सदनमा ल्याउन सरकारलाई आग्रह गर्नुभयो ।

